नेपाल सरकार
# प्रदेश प्रमुखको कार्यालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

प.सं.
च.नं :

## विज्ञप्ति

माननीय प्रदेश प्रमुख यादबचन्द्र शर्माज्यूसमक्ष निर्वाचन आयोगबाट प्रदेश सभा सदस्य निर्वाचन, २०७९ को निर्वाचन परिणाम सहितको प्रतिवेदन, प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६२ बमोजिम निर्वाचन आयोगको मिति २०७९/८/२९ को निर्णयानुसार मिति २०७९/९/०२ मा पेश हुन आएकोले बागमती प्रदेशको मुख्यमन्त्री नियुक्ति गर्नको लागि नेपालको संविधानको धारा १६८ को उपधारा (१) बमोजिम कुनै पनि दलको स्पष्ट बहुमत प्राप्त गरेको नदेखिएकोले नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम प्रदेश सभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलहरुको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रदेश सभाको सदस्यलाई बागमती प्रदेशको मुख्यमन्त्री नियुक्त गर्नका लागि मिति २०७९/०९/२५ गते सोमबार १६:०० बजे भित्र दावी पेश गर्न माननीय प्रदेश प्रमुखज्यूबाट आव्हान भएको व्यहोरा अनुरोध छ।

२०७९ साल पौष २१ गते बिहीबार ।

(प्रकाश चापागाईं)
प्रवक्ता

☎: ०५७-५२४९६९ @: ocsbagamati@gmail.com : ocs.bagamati.gov.np